*कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मूल आधार*

**खैरहनी नगरपालिकाको नगर सभाको** १८ औं अधिवेशनमा
नगर प्रमुख श्री शशी कुमार खनियाज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२।८३ को
# वार्षिक नीति तथा कार्यक्रमको समीक्षा

*कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मुल आधार*

**खैरहनी नगरपालिकाको नगरसभाको १४ औं अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रमको समीक्षा**

आजको यस गरिमामय नगर सभाको अधिवेशनमा उपस्थित हुनभएका खैरहनी नगरपालिकाका उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, शिक्षा निर्देशकज्यू, बरिष्ठ विभागीय इन्जिनियरज्यू, शाखा प्रमुखहरू, सबै कर्मचारी साथीहरु, सञ्चारकर्मी मित्रहरुलाई खैरहनी नगरपालिकाको नगरसभाको १४ औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र स्वतन्त्रताका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरु एवं हालसालै भएको जेन-जी आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्न चाहन्छु।

यस नगरपालिकाको योजना तथा कार्यक्रम तर्जुमा, विकास निर्माण, सेवा प्रवाहमा आजका मितिसम्म साथ, सहयोग तथा सहानुभूति प्रकट गर्नुहुने सबै राजनीतिक दलहरू, संघ तथा वागमती प्रदेश सभाका माननीय सांसदज्यूहरू, राष्ट्रसेवक कर्मचारीज्यूहरू, नगरपालिकाका पूर्व जनप्रतिनिधिज्यूहरू, संघ संस्था, आमा तथा महिला समूहहरू, सञ्चारजगत, खैरहनीबासी सबै बुवा आमा/ दाजुभाई/ दिदीबहिनीहरू तथा अन्य सुभेच्छुक सबै सबैमा हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु।

यस खैरहनी नगरपालिकाका वर्तमान जनप्रतिनिधिहरुले मेरो नेतृत्वमा गरेको विगतको अथक प्रयासबाट हासिल भएको उपलब्धिहरुको जगमा टेकेर आगामी दिनमा विगतका हाम्रा भोगाई र सिकाईका साथै विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझावहरुको आधारमा विकासको यात्रालाई तीव्रताका साथ अगाडि बढाउने प्रण गर्दछु।

विगत वर्षहरुमा गरिएको संस्थागत स्व:मुल्याङ्कन र वित्तीय अनुशासन तथा जोखिम मूल्याङ्कनमा हाम्रो नगरपालिकाले देशभरमै उत्कृष्ट नतिजा हाँसिल गर्न सफल भएको छ। यो गरिमामय उपलब्धिको लागि खैरहनी नगरपालिकाको कार्यसम्पादनमा सुझाव, सल्लाह र सहयोग गर्नुहुने उपप्रमुख, वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, कार्यालयका सम्पूर्ण कर्मचारीहरु, नगरवासी सबै जनता साथै सञ्चारकर्मी मित्रहरु प्रति धन्यवाद सहित आभार प्रकट गर्दछु। साथै आगामी दिनमा समेत निरन्तर सल्लाह, सुझाब र सहयोगको अपेक्षा गरेको छु।

नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेख भएका स्थानीय तहका एकल तथा साझा अधिकारहरूसमेत अन्य संवैधानिक तथा कानूनी प्रावधानहरू, नेपाल सरकार तथा बागमती प्रदेश सरकारका आवधिक योजना तथा वार्षिक कार्यक्रमहरू साथै खैरहनी नगरपालिकाको आवधिक योजना र वार्षिक बजेटले निर्दिष्ट गरेबमोजिम चालू वर्षका योजना तथा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

गत भदौ महिनाको २४ गतेको जेनजी आन्दोलनको क्रममा देशैभरी ठूलो धनजनको क्षति हुनपुग्यो। सो आन्दोलनको क्रममा यस नगरपालिकालेसमेत ठूलो क्षति बेहोर्नु पर्यो। नगर कार्यपालिकाको कार्यालय तथा सबै १३ वटै वडाहरूका सबै भवनहरू तथा कार्यालय सामग्री र सवारी साधनहरूसमेत अनुमानित १८ करोड बराबरको क्षति हुन पुग्यो। नगरपालिकाभित्रका अन्य सरकारी कार्यालयहरू एवम् नगर प्रमुख, उपप्रमुख र वडा

अध्यक्ष र अन्य व्यक्तिहरूको व्यक्तिगत सम्पत्तिमासमेत आगजनी र तोडफोड गरियो । जेनजी आन्दोलनको क्रममा घुसपैठ भई भएको अकल्पनीय क्षतिप्रति दुःख व्यक्त गर्न चाहन्छु ।

भदौ २४ गतेको उक्त अकल्पनीय घटनामा भएको कार्यालय भवनहरूको पुनर्निर्माण तथा अन्य कार्यालय सामग्रीहरूको व्यवस्थापनको कार्य सम्पन्न भई सबै कार्यालयहरू पुनः पूर्ववत रूपमा सञ्चालनमा आइरहेका छन् । पुनर्निर्माण कार्यमा सहयोग र सद्भाव जनाउनुहुने सम्पूर्ण व्यक्ति तथा निकायहरूप्रति आभार प्रकट गर्न चाहन्छु । जेनजी आन्दोलनको क्रममा भएको क्षतिका बावजुतपनि चालू आर्थिक वर्षका सबै भौतिक पूर्वाधारका योजना तथा अन्य आवश्यकीय योजना तथा कार्यक्रमहरू यथावत कार्यान्वयनमा रहेको विषय पनि यस सम्मानित सभाको बैठकमा जानकारी गराउन चाहन्छु ।

**नगर सभाका सदस्यज्यूहरु,**

अब म विषयक्षेत्रगत रूपमा आर्थिक वर्ष २०८२/083 को नीति तथा कार्यक्रमहरुको हाल सम्मको समीक्षा यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

**<u>पूर्वाधार क्षेत्रमा भएको कार्यसम्पादन</u>**

१. स्वर्णतारा क्लबदेखि पुरानो पर्सा र खैरहनी चोकसम्मको मेडियन सहितको सडक स्तरोन्नती सम्पन्न हुने चरणमा रहेको छ र फाउन्टेन र विभिन्न मुर्ति राख्ने कार्य अन्तिम चरणमा पुगेको छ । मगनी घोलको आरसिसि तटबन्धन कार्य सम्पन्न भईसकेको छ ।वडा नं. ६ मा कवर्ड हल निर्माण यसै आ.व. मा सम्पन्न गर्नेगरी काम भईरहेको छ ।पानी सम्बन्धी खेलहरु सहितको बालउद्यान कार्यको काम प्रारम्भ भएको छ । चैनपुर चोकमा नगरपालिकाको स्वागतद्वार निर्माणको कार्य भइरहेको छ । बुढीराप्तीमा ब्यारेज सहित मोटर सञ्चालनको योजना निर्माणको कार्य  सुरुवात भईसकेको छ ।

२. चालु आर्थिक वर्षका अन्य पूर्वाधार निर्माण, सडक कालोपत्रे तथा ढलानका कार्यहरू धमाधम भइरहेका छन् । सबै वडाका कालोपत्रे र बाटो ढलान र लाईनिंगका कार्यहरु सञ्चालनमा रहेका छन् । शान्ति बजारदेखि कठारसम्मको बाटो पिच तथा फुटपाथ निर्माण, वडा नं ९ को स्वास्थ्य चौकी भवन, वडा नं. ३ स्थित प्राङ्गारीक मल ब्यवस्थापन भवन, कंकाली मा.बि.को भवन, चैनपुर महिला सानाकिसान भवन, वडा नं. ६ स्थित साझा सहकारी भवन, कंकाली दुध डेरी भवन र गणेश डेरी भवनको निर्माण कार्य सम्पन्न भएको छ भने खैरहनी नगर अस्पतालको भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।

३. सिसहानी कुमरोज गवै हर्नरी हात्ती काउन्टर बाटो स्तरउन्नती, बुढौली चोकदेखि गौवाहुँदै कुमरोज सिसानी बाटो स्तरउन्नती, वडा नं २ विन्दबासीनीदेखि ४ नं वडा कार्यालयहुँदै गैडे आहाल  बाटो स्तरउन्नती, मगनीदेखि धुसरी लदरी खोला उनान्टोल चौविसकोटी अधुरो नाला बाटो स्तरउन्नती, खैरहनी वडा नं ५ को कार्यालयदेखि वडा नं १ ज्यामिरे निस्कने बाटो अधुरो नाला निर्माण र बाटो स्तरउन्नती,  खैरहनी १० देविथान टोलदेखि अर्जुन भुजेलको घरबाट दक्षिण  बाटोको नाला, उनन्तोलहुँदै गजुरी टोल बाटो ओभरल्याब, खैरहनी ४ शिवालय चोक बाटो ढलान, बिश्व विजय मार्ग, खैरहनी २ र ८ बीचको बेकरी मार्ग, वडा नं ६ नगरपालिकादेखि वडा नं ७ को कार्यालयसम्मको बाटो स्तरउन्नती, लामा ढिक वडा नं. १३  अधुरो  बाटो ढलान, कपिया स्कुलदेखि दराई होमस्टे  जाने अधुरो बाटो, खैरहनी ३ क्याम्पबाट आर्मी व्यारेक जाने बाटो, वडा नं ४ को कार्यालयबाट गैंडा आहाल जाने बाटो स्तरउन्नती, वडा नं ७ मिलन चोकदेखि गौचरण जाने बाटो ढलान, धरमपुर मूलगाउँ बाटो ढलानलगायत अन्य योजनाहरुको निर्माणकार्य भईरहेको छन्।

४. वडा नं ९ विश्वनाथ टोलको अधुरो बक्स कल्भट निर्माण, वडा नं ८ मगनी गाउँमा नाला सहित पिच निर्माण, वडा नं २,३,४ को विभिन्न बाटो स्तरउन्नती, वडा नं ३ र ९ को विभिन्न सडकमा ढलान तथा पिच निर्माण, वडा नं १ को विभिन्न सडक स्तरउन्नती, वडा नं १२ को विभिन्न सडकमा नाला सहित पिच निर्माण, वडा नं १२ कै निरु दराईको घर देखि घोक्रेला सम्म जाने बाटो पिच र सिसानी कुमरोज जाने बाटो स्तरउन्नती, वडा नं ७ को गौचरण जाने बाटो ढलान तथा सिमल्घारी जाने बाटो पिच र सुल्तान जाने बाटोमा नाला तथा कल्बोट निर्माण, वडा नं. ५ को बिस्कुट कारखाना र बिश्व विजय मार्ग जाने बाटो पिच कार्य निर्माणको अन्तिम चरणमा रहेको छ ।

५. बुडौली चोकदेखि गवई बाटो स्तरउन्नती, सिमलटाँडीदेखि राप्ती नगरपालिकाको सीमानासम्म नाला निर्माण र बाटो स्तरउन्नती, बैरह्नी चोकदेखि उत्तर बाटो स्तरउन्नती, ज्यामिरे चोकदेखि सिमलहरि तथा कंकाली मार्ग अधुरो बाटो नाला निर्माण र बाटो स्तरउन्नती, खैरहनी ५ नं. वडा कार्यालयदेखि वडा नं १ ज्यामिरेसम्म बाटो तथा अधुरो नाला निर्माण, लालटिन बजार, सुल्तना, बडागाउँ, अधुरो नाला निर्माण र बाटो स्तरउन्नती र बडागाउँ कपिया जाने बाटो स्तरउन्नती, वडा नं ११ वडा कार्यालय अगाडिको बाटो निर्माण, शान्ति बजारदेखि कठार हुँदै राप्ती खोला जाने बाटो स्तरउन्नती कार्यहरू धमाधम सञ्चालनमा रहेका छन् ।

## शिक्षा युवा तथा खेलकूद क्षेत्रमा भएको कार्यसम्पादन

६. चालु आर्थिक वर्षमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिका भित्रका सामुदायिक विद्यालयमा स्थलगत अनुगमन तथा मेन्टरिङका माध्यमबाट प्राप्त प्रतिवेदनका आधारमा ४१ जना युवा स्वयंसेवक शिक्षकलाई आवश्यक मेन्टरिङ व्यवस्थापन गरी कक्षा सञ्चालन गरिएको छ ।

७. नगरपालिका भित्रका कक्षा १ देखि १० कक्षा सम्मका विद्यार्थीहरुको छात्रवृत्ति तथा कक्षा ११ मा अध्ययनरत विपन्न परिवारका जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्ति उपलब्ध गराउन विद्यालय छनोट गरी सिफारिस गरिएको छ ।

८. बालविकासदेखि  कक्षा ५ सम्मका ३८७८ जना विद्यार्थीहरु दिवाखाजा कार्यक्रमबाट लाभान्वित भएका छन् । साथै सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरुका लागि निःशुल्क स्यानेटरी प्याड खरिद कार्य अन्तिम चरणमा पुगेको छ । खैरहनी मा .वि मा कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालन गर्न अनुदान उपलब्ध गराइएको छ । स्नातक तहसम्मको अध्ययन गर्न शैक्षिक सत्र २०८२ मा ११ जना विपन्न छात्रा र दलित छात्रहरुलाई पठाईएको छ ।

९. खैरहनी नगरपालिकामा लागु भएको स्थानीय पाठ्यक्रम "**हामी र हाम्रो खैरहनी**"को कक्षा ४-८ सम्मको पाठ्यपुस्तक तयार पारी लागू गरिएको छ । खेलकुद क्षेत्रलाई व्यवस्थित गर्न नगरपालिकास्तरीय कभर्डहल निर्माण कार्य अघि बढाइएको छ । कार्यालय व्यवस्थापनका लागि आधुनिक डिजिटल प्रणाली प्रयोगका सम्बन्धमा नगरस्तरीय अनलाइन तालिम सम्पन्न भएको छ । खैरहनीका कलाकर्मी तथा साहित्यकारहरुको भेला आयोजना गरिएको छ।

## स्वास्थ्य क्षेत्रमा भएको कार्यसम्पादनः

१०. खैरहनी नगर अस्पतालबाट दैनिक रूपमा विश्वसनीय र भरपर्दो स्वास्थ सेवा उपलब्ध भईरहेको छ भने नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट नेपाल सरकारले तय गरेका सबै प्रकारका औषधीहरू निःशुल्क वितरण गर्ने प्रवन्ध मिलाइएको छ ।

११.	आ.व.२०८२।८३ मा स्वास्थ्यकर्मीहरुद्वारा घर-घर गएर ३५० जना बा र ५५० जना आमाहरु गरि जम्मा ९०० जना बा आमाहरुको स्वास्थ्य जाँच गरी परामर्श सेवा प्रदान गरिएको छ । डेंगु महामरी तथा जापानिज इन्सेफ्लाटिस नियन्त्रणका कार्यक्रमहरू सम्पन्न भएका छन् ।

१२.	उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम अन्तरगत नि:शुल्क सामुदायिक भिडियो एक्स-रे सेवा सुरुवात गरिएको छ। यस कार्यक्रम अन्तर्गत नि:शुल्क भिडियो एक्स-रे, गर्भवती महिलाहरुलाई नि:शुल्क पूर्व-प्रसुति सम्बन्धी आधारभुत प्रयोगशाला जाँच सेवा गर्भवतीका लागि निशुल्कः एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ । गर्भवती महिला तथा बालबालिकाहरुलाई निरन्तर खोप सेवा प्रदान गरिएको छ ।

१३.	नगरपालिकाभित्रका निजी स्वास्थ्य संस्थाहरु अनुगमन गरी ती संस्थाहरूलाई सबलीकरण गरिएको छ । सुत्केरी महिला तथा नवजात शिशुलाई घरमै गएर स्वास्थ्य जाँच गरि उत्तर-प्रसुती सेवा प्रदान गर्ने कार्यक्रम निरन्तर सञ्चालनमा रहेको छ ।

१४.	मृगौला प्रत्यारोपण गरेका, डायालाइसिस गराइरहेका, क्यान्सर रोगी, मेरुदण्ड पक्षघात विरामीलाई मासिक रू. ५००० का दरले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने तथा HIV तथा डायालाईसिस गराउने बिरामीलाई मासिक रु. १५०० का दरले उपचार खर्च प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ । विपन्न नागरिकको लागि निःशुल्क उपचार गराउन सम्बन्धित अस्पतालहरूमा सिफारिस गरि पठाइएको छ ।

१५.	प्रयोगशाला सेवा निरन्तर रुपमा खैरहनी नगर अस्पताल, चैनपुर स्वास्थ्य चौकी, कठार स्वास्थ्य चौकी र कुमरोज स्वास्थ्य चौकीबाट प्रवाह भइरहेको छ । चैनपुर र कुमरोज स्वास्थ्य चौकीबाट साप्ताहिक रुपमा मधुमेह क्लिनिक संचालन गरि आवश्यकताअनुसार नगर अस्पताललगायत विभिन्न अस्पतालमा प्रेषण गर्ने गरिएको छ । नगर अस्पतालको प्रयोगशालाले हरेक दिन विहान ७:०० बजे देखि नै सेवा संचालन गरिरहेको छ।

१६.	खैरहनी नगर अस्पतालबाट बिस्तारित स्वास्थ्य सेवा अन्तर्गत प्रत्येक बिहिबार महिला तथा प्रसुती रोग बहिरङ्ग सेवा, प्रत्येक मंगलबार र शुक्रबार हाडजोर्नी रोग बहिरङ्ग सेवा, प्रत्येक बुधबार र शुक्रबार भिडियो एक्स-रे सेवा संचालन भइरहेको छ ।

**<u>वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा भएको कार्यसम्पादन</u>**

१७.	नगरपालिका क्षेत्रभित्र बग्ने खोलाहरुबाट कटान हुने अवस्था अत्यधिक रहेकोले खोला कटानलाई नियन्त्रण गर्नको लागि तटबन्ध लगायतका कार्यहरू गरिएको छ । ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, नियमका प्रावधानबमोजिम वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा आयोजनाहरू सञ्चालन गर्ने गरिएको छ ।

१८.	खैरहनी नगरपालिकाको अगुवाई तथा NDRC नेपालको प्राविधिक सहयोगमा विपद् व्यवस्थापनको सन्दर्भमा **LEOC (LOCAL EMERGENGY OPERATION CENTRE)** स्थापना गर्ने कार्य अघि बढाइएको छ । वातावरण तथा विपद् व्यवस्थापनका लागि आवश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित गरी परिचालन गरिएको छ ।

१९.	जलस्रोत तथा मुहान दर्ता कार्यविधि बमोजिम सबै खानेपानी तथा जल उपभोक्ता समुहलाई नगरपालिकामा दर्ता हुने व्यवस्था गरिएको छ । खैरहनी नगरपालिकामा रहेको बारुणयन्त्रलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइएको छ भने सबै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापन कार्यलाई थप व्यवस्थित बनाइएको छ ।

**घर नक्शा शाखामा भएको कार्यसम्पादनः**

२०. खैरहनी नगरपालिकाभित्र नयाँ घर नक्सा पास गर्ने, पुराना घरहरूको नक्शा अभिलेखीकरण गर्ने कार्य, भवन यथास्थितीकरण एवम् कच्ची घर प्रमाणित गर्ने कार्य निरन्तर सञ्चालनमा रहेको छ । यसबाट नक्सापास सम्बन्धी कार्यमा नगरवासी धेरैभन्दा धेरै नागरिकहरू लाभान्वित भएका छन् ।

**कृषि क्षेत्रमा भएको कार्यसम्पादन**

२१. नगरपालिकाका कृषि प्राविधिकहरूले किसानको खेतमै पुगेर किसानहरूका लागि परामर्श सेवा प्रदान गर्ने तथा सामाजिक सञ्जाल मार्फत कृषि प्रविधि विषयक जानकारीमुलक भिडियो तयार गरि प्रशारण गरिएको छ भने रासायनिक बिषादी न्यूनीकरण गर्ने उद्देश्यले कृषकलाई मोहनी पासो, जैविक बिषादी लगायतका सामग्री र जैविक विषादी २५% अनुदानमा उपलब्ध गरिएको छ ।

२२. खाद्य संकट कम गर्न विभिन्न वडामा रहेका ९ वटा सिंचाई कुलोहरू मर्मत कार्य अघि बढाइएको छ । कृषकहरूलाई सहज रूपमा युरीया, डियपी तथा पोटास उपलब्ध गराउन नगरपालिकाले सहजीकरण गरेको छ ।

२३. खैरहनी नगरपालिकाको प्राविधिक सहयोगमा खैरहनी नगरपालिका वडा नं. ७ का १५ जना विपन्न कृषकलाई तरकारी खेती बिषयक १ हप्ते तालिम सम्पन्न गरिएको छ ।

**पशु क्षेत्रमा भएको कार्यसम्पादनः**

२४. प्रयोगशाला सेवा अन्तर्गत गोबरको नमुना परीक्षण, दुधको नमुनाको CMT परीक्षण र दुधको नमुनाको कल्चरको गुणस्तर परीक्षण र भिडियो एक्सरे सेवा उपलब्ध गराइएको छ । पशु उपचारमा गुणस्तर ल्याउनका निम्ति वडा नं.६ मा पशुपन्छी उपचार कक्ष सञ्चालनमा ल्याई नियमित पशुपंक्षी उपचार सेवा, थुनेलोको CMT परीक्षण, कल्चर तथा भिडियो एक्सरे सहितको प्रयोगशाला सेवा सञ्चालन भैरहेको छ ।

२५. गुणस्तरीय पशुपंन्छी उपचारको लागि पशुपंन्छी उपचार कक्षको स्तरउन्नति गरी नियमित रूपमा पशुहरूको मेडिकल उपचार, गोबर, दुध परीक्षण, दुध कल्चर र भिडियो X-Ray सहितको प्रयोगशाला सेवा संचालन भईरहेको छ । कृषकको घर-गोठमा गई गाई तथा भैंसीमा रहेको बाँझोपन तथा थुनेलो पहिचान गरी उपचार गर्ने कार्य निरन्तर सञ्चालनमा रहेको छ । पशुलाई लम्पी स्किन डिजिज, खोरेत र रेबिज रोग विरुद्धको खोप सेवा उपलब्ध गराईएको छ । परजीवी नियन्त्रण अन्तर्गत नाम्ले, माटे, जुका, जुम्रा र किर्नाको पहिचान तथा उपचार गरिएको छ । आ.व.२०८२/०८३ मा हालसम्म करिब **१५०० बढी** जना सेवाग्राहीलाई पशुसम्बन्धी विभिन्न सेवा तथा परामर्श दिईएको छ।

२६. शाखाको स्टोरमा रहेको सम्पूर्ण औषधी तथा खोप जलेर नस्ट भएपश्चात पनि पुन: औषधी तथा प्रयोगशाला उपकरण खरिद कार्य अघि बढाइएको छ । नियमित रुपमा सेवाग्राहीको निवेदनको आधारमा विभिन्न ईन्सुरेन्स कम्पनीलाई पशुको क्षतिपूर्तिको लागि वीमा सिफारिस दिने गरिएको छ । कृत्रिम गर्भाधानमा प्रयोग हुने सिमेन, नाईट्रोजन, सिथ, ग्लोब्सलगायतका उपकरण खरिद गरि कृत्रिम गर्भाधानकर्तालाई प्रगतिको आधारमा वितरण गरिएको छ ।

**श्रम तथा रोजगार क्षेत्रमा भएको कार्यसम्पादनः**

२७. वैदेशिक रोजगारिमा जाने व्यक्तिहरुको श्रम स्वीकृतिमा सहजीकरण गरिएको छ । वैदेशिक रोजगार बोर्डको सचिवालयले प्रदान गर्ने कल्याणकारी सेवाहरु अन्तर्गत वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताको प्रक्रिया अगाडि बढाइएको छ ।

२८. विभिन्न संघसंस्थाहरुले आयोजना गर्ने विभिन्न पेशा र विषयमा छोटो अवधिको निःशुल्क सीपमूलक तालिमको सूचना संप्रेषण तथा इच्छुक व्यक्तिहरुलाई सिफारिस गरिएको छ। वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको सामाजिक सुरक्षा कोषसम्बन्धी जानकारी तथा तोकिए बमोजिमका अन्य नियमित कार्यहरु गरिएको छ।

**सूचना प्रविधि क्षेत्रमा भएको कार्यसम्पादन**

२९. नगरपालिकाको सम्पूर्ण सेवालाई सूचना प्रविधिमा आधारित बनाउन प्रयास भइरहेको छ। नगरसभा तथाकार्यपालिकाका सबै निर्णयहरू र हरेक महिनाको मासिक खर्च नगरपालिकाको वेबसाइटबाट सार्वजनिक गरिएको छ। नगरपालिकाका गतिविधिहरूलाई नियमित रूपमा फेसबुक तथा युट्युवजस्ता सामाजिक सञ्जालमा अद्यावधिक गरिएको छ। नगरपालिकाभित्रका बिभिन्न स्थानहरुमा राखिएका सिसिटिभी सरभेइलेन्स, Software/Hardware सिस्टमहरुको नियमित नियमन तथा अनुगमन गरिएको छ। विभिन्न शाखाबाट प्राप्त सूचना तथा बिज्ञापन प्रकाशन तथा प्रसारण गरिएको छ।

३०. नगरपालिका क्षेत्रभित्र निर्माण गरिएका सम्पूर्ण विकास निर्माण, सामाजिक, आर्थिक क्षेत्रमा भएका गतिविधिहरु Video Documentary तयार गरी पर्सा बजारमा अवस्थित LED Display मार्फत प्रसारण गरिएको छ। विभिन्न सेवाहरु प्रदान गर्ने व्यवस्थालाई व्यवस्थित गर्ने उद्देश्यले नगरपालिकाको स्मार्ट मोबाइल एप निर्माण गरि नियमित रुपमा अद्यावधिक गरिएको छ।

**उद्योग व्यवसाय तथा उद्यम विकास क्षेत्रमा भएको कार्यसम्पादन**

३१. नगर कार्यपालिकाको कार्यालयबाट नियमित रूपमा व्यवसाय दर्ता नवीकरण कार्य भईरहेको छ। गत आर्थिक वर्षमा लघु उद्यम विकास तालिम प्राप्त सहभागीहरुले चालु आर्थिक वर्षमा व्युटी पार्लर, ढाका बुनाई, चप्पल बनाउने, च्याउ खेती, ड्राईगन फ्रुट व्यवसाय सञ्चालन गरिरहेका छन्।

३२. बीउ पुँजी कार्यक्रमअन्तर्गत फरक क्षमता भएका व्यक्तिहरूबाट सरफ साबुन बनाउने व्यवसाय सञ्चालनमा आएको छ। होमस्टे व्यवसाय सञ्चालनको चरणमा रहेको छ। व्यवसायीहरुलाई नियमित रुपमा परामर्श दिनुका साथै नियमित रुपमा अनुगमन गरिएको छ। आधारभूत सिलाइकटाई सीप विकास तालिम लिएका लघु उद्यमीहरुको लागि Advanced सिलाई कटाई तालिम संम्पन्न भई व्यवसाय सञ्चालनमा रहेका छन्।

३३. ब्युटीपार्लर तालिम लिएकाहरूको लागि विशिष्टीकृत व्युटीपार्लर सीप विकास तालिम, मोबाईल मर्मत सीप तालिम, मन्टेश्वरी तालीम संम्पन्न भएका छन् भने नवइच्छुक सहभागीहरूका लागि विभिन्न विषयका तालीमहरूको लागि आवेदन माग गरिएको छ।

**महिला, बालबालिका र जेष्ठ नागरिक शाखाबाट भएको कार्यसम्पादनः**

३४. नगर स्तरीय जेष्ठ नागरिक मञ्च गठन गरिएको छ। नगरपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्नको लागि तयारी गरिएको छ। बालमैत्री स्थानीय शासनलाई नीतिगत तथा प्रकृयागत कार्यान्वयनका लागि बालमैत्री आचारसंहिता कार्यपालिकाबाट स्वीकृत भई लागु भएको छ।

३५. खैरहनी नगरपालिकामा दर्ता भएका आमा समूहहरुसँग मानव बेचबिखन बिरुद्धको जनचेतनासम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ भने जेष्ठ नागरिक परिचय पत्र तथा अपाङ्गता परिपत्रसम्बन्धी कार्यहरू निरन्तर भइरहेका छन्। अपाङ्गता भएका व्यक्तिलाई ह्विल चेयर, Hearing Aid, कृत्रिम खुट्टा, ट्राई साइकल, क्यारियर र अर्थोपेडीक जुत्ता बितरण गर्ने कार्यक्रम सम्पन्न भएको छ।

३६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) रणनीति तयार भई लागु गरिएको छ।

**सामाजिक सुरक्षा तथा पंजीकरण शाखा**

३७. व्यक्तिगत घटना दर्ता कार्य नियमित रुपमा सञ्चालन भएको छ । चालू आर्थिक वर्षमा जम्मा ६४९१ जना सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन् ।

**राजस्व शाखा**

३८. हाल सम्म विभिन्न शिर्षकमा गरी जम्मा 3 करोड ३९ लाख ०९ हजार २ सय ३० राजस्व सङ्कलन भएको छ । राजस्व वृद्धि गर्न र जेनजी आन्दोलनपछि राजस्व संकलनमा आएको सुस्ततालाई परिपूरण गर्न विभिन्न सूचना तथा सन्देशमूलक कार्यहरू भईरहेका छन् ।

**आन्तरिक लेखा परीक्षण शाखामा भएको कार्यसम्पादनः**

३९. बेरुजु असुल गर्नुपर्ने व्यक्ति/संघ-संस्थाहरुलाई पत्राचार गरिएको छ ।चालू आर्थिक वर्षको हाल सम्ममा रु.२० लाख ७८ हजार १ सय ७७ वेरुजु रकम असुल उपर भएको छ ।

**नगर सभाका सदस्यहरु,**

४०. चालू आर्थिक वर्षमा भएको जेनजी आन्दोलन तथा गत आर्थिक वर्षबाट म्याद थप भईआएका योजना तथा कार्यक्रमहरू एवम् जनताका आवश्यकताहरू परिपूर्ति गर्नको लागि परियोजनाहरूमा स्वीकृत बजेटभन्दा केही रकम बढाएर लागत अनुमान तयार गरी परियोजना सञ्चालन गर्दा यो वर्षको वार्षिक बजेटमा थप दबाब सिर्जना भएको छ । यस सम्बन्धमा शाखागत रूपमा वार्षिक बजेटको संशोधन प्रस्ताव तयार गरी विभिन्न विषयगत समितिहरुमा छलफल भई कार्यपालिकाको बैठकबाट सिफारिससाथ यस सभाको बैठकमा चालू बर्षको वार्षिक बजेट संशोधन गरी भुक्तानी बाँकी पुराना योजना तथा कार्यक्रमहरुको भुक्तानीसमेतका लागि बजेट व्यवस्था गर्ने नीतिगत संशोधन यस गरिमामय सभामा स्वीकृतिको लागि पेश गर्दछु ।

**अन्त्यमा**, यस नगरसभामा उपस्थित हुनुहुने नगरपालिकाका उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकारमित्रहरु प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि सबै पक्षबाट थप साथ र सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

**शशी कुमार खनिया**
**नगर प्रमुख**
**खैरहनी नगरपालिका**

मिति २०८२।०९।०१ गते मंगलबार ।

*कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मुल आधार*

**खैरहनी नगरपालिकाको नगरसभाको**

१८ औं अधिवेशनमा नगर उपप्रमुख श्री कविता उप्रेतीज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२।८३ को
# संशोधित बजेट वक्तव्य

**यस गरिमामय नगरसभाका सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु,**
**शिक्षा निर्देशकज्यू, बरिष्ठ विभागीय इन्जिनियरज्यू, कर्मचारी साथीहरू, सञ्चारकर्मी मित्रहरु ।**

खैरहनी नगरपालिकाको गरिमामय नगरसभाको अठारौँ अधिवेशनमा नगरको उपप्रमुखको रूपमा चालु आर्थिक वर्ष २०८२/८३ को संशोधित बजेट वक्तव्य प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु ।

यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका जनआन्दोलन एवं हालसालै भएको जेनजी आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

१. खैरहनी नगरपालिकाको संस्थागत सुदृढीकरण एवम् स्थानीय विकासका लागि योगदान गर्ने सबै राजनीतिक दलहरू, निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीतन्त्र, पूर्व जनप्रतिनिधिहरू, संघ संस्था, खैरहनीबासी नागरिकहरू, सञ्चार जगत र अन्य सबै सरोकारवालाहरुमा हार्दिक धन्यवाद प्रकट गर्दछु ।

२. गत भदौ महिनाको जेनजी आन्दोलनको क्रममा यस नगरपालिका अन्तर्गतका कार्यालयहरू, वडा कार्यालयहरू, सवारी साधन, कार्यालय सामग्रीहरूमा आगजनी, तोडफोड र लुटपाट गरी ठूलो धनराशी बराबरको क्षति हुनपुग्यो । सरकारी संरचनाहरुका अलावा जनप्रतिनिधिहरुको व्यक्तिगत सम्पत्तिमासमेत आगजनी, तोडफोड तथा लुटपाट भयो । यस घटनाबाट क्षतिको पुनर्निमाणको लागि थप बजेटको आवश्यकता परेको छ ।

३. गत आर्थिक वर्षबाट दायित्व सिर्जना भएका योजनाहरूको भुक्तानी गर्न तथा जेनजी आन्दोलनको क्रममा भएको क्षतिको पुनर्निमाण गर्नको लागि चालू वर्षका योजना तथा कार्यक्रमहरूमा संशोधन गर्नको लागि आवश्यकता परेको छ । वडास्तरको बजेटलाई संशोधन गरी सम्बन्धित वडाकै स्थानीय विकास कोषमा राख्ने प्रबन्ध मिलाइएको छ भने नगरपालिकाको विभिन्न शाखाको बजेट संशोधन गरी म्याद थप गरिएका र श्रोत सुनिश्चितता नभएका तथा जेनजी आन्दोलनको क्रममा ध्वस्त संरचनाहरुको पुनर्निर्माणबाट सिर्जित दायित्व भुक्तानीका लागि बजेट व्यवस्था गरेकोछु ।

४. गत वर्षहरूबाट दायित्व सिर्जना भई चालू आर्थिक वर्षमा सरी आएका योजना तथा कार्यक्रमहरूको संलग्न सूचीबमोजिमका योजनाहरू नगर सभाको बैठकमा पेश गर्दछु । साथै जेनजी आन्दोलनको क्रममा भएको क्षतिको पुनर्निर्माणको क्रममा कार्यान्वयन गरिएका योजनाहरुको विवरणसमेत यसैसाथ संलग्न गरी पेश गरेको छु ।

**सभाध्यक्ष महोदय**

५. अब म चालू आर्थिक वर्षको पाँच महिनामा भएको खर्चको विवरण यस गरिमामय सभासमक्ष पेश गर्न चाहन्छु । चालू आर्थिक वर्षको कूल बजेट १ अर्ब ०३ करोड ८५ लाख १३ हजार ३५० रहेको छ । जसमा चालू बजेट ५० करोड ९५ लाख २८ हजार र पूँजीगत बजेट ५२ करोड ८९ लाख ८५ हजार ३५० रहेको छ । जसमध्ये चालू वर्षको मंसीर महिनासम्म चालूतर्फ १२ करोड ३७ लाख ४७ हजार ९६२ र पूँजीगत तर्फ १ करोड ७१ लाख ४८ हजार ००७ खर्च भएको छ ।

६. जेनजी आन्दोलनको क्रममा भएको वडागत भौतिक क्षतिको पुननिर्माण कार्य सम्बन्धित वडागत बजेटबाट गर्ने व्यवस्था मिलाईएको छ । यसमा कूल १ करोड २० लाख ७२ हजार १९४ बजेट खर्च हुने अनुमान छ । नगर कार्यपालिकाको कार्यालयमा भएको क्षतिको पुननिर्माण तथा चारपाङ्ग्रे सवारी साधन, व्याक होडर र ट्याक्टर खरिदमा कूल ३ करोड ३८ लाख १६ हजार ३५० खर्च हुने अनुमान छ । यो रकमसमेत चालू वर्षका योजना तथा कार्यक्रम संशोधनबाट प्राप्त हुने बजेटबाट भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ ।

७. नगरपालिकाका विभिन्न शाखागत बजेटबाट चालू आर्थिक वर्षमा कूल ७ करोड १६ लाख ३१ हजार बजेटका कार्यक्रमहरू संशोधन गरी सो रकम पुनर्निमाण तथा दायित्व सरी आएका योजना तथा कार्यक्रमहरुको भुक्तानीमा प्रयोग गर्ने प्रबन्ध मिलाइएको छ । संशोधनको विस्तृत विवरणहरू संलग्न अनुसूचीमा प्रस्तुत गरिएको छ ।

**अन्त्यमा,** यस नगरसभाको अधिवेशनमा उपस्थित हुनु हुने नगरसभा अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतजयू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, शिक्षा निर्देशकज्यू, बरिष्ठ विभागीय इन्जिनियरज्यू, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकार मित्रहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । विगतमा जस्तै प्रस्तुत संशोधन बजेट कार्यान्वयनको निमित्त पनि यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर खैरहनी नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेका छौं।

**धन्यवाद !**

**कबिता उप्रेती**
**नगर उप-प्रमुख**
**खैरहनी नगरपालिका, खैरहनी चितवन**

**दिनाङ्क : २०८२ साल पौष १ गते मंगलबार**

# खैरहनी नगरपालिका, चितवन
# नगर सभाको १८ औं अधिवेशनको बैठक

मितिः २०८२।०९।०१

**नगर सभाको बैठकका निर्णयहरू**

१. खैरहनी नगरपालिकाका नगर प्रमुख श्री शशी कुमार खनियाज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष 2082/83 को वार्षिक नीति तथा कार्यक्रमको समीक्षा प्रतिवेदन स्वीकृत गर्ने ।

२. खैरहनी नगरपालिकाका नगर उपप्रमुख श्री कविता उप्रेतीज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष 2082/८३ को वार्षिक बजेटको समीक्षा प्रतिवेदन र आर्थिक वर्ष 2082/83 को योजना तथा कार्यक्रमहरुको संशोधन प्रस्ताव संलग्न सूचीबमोजम स्वीकृत गर्ने ।

३. खैरहनी नगरपालिकाका नगर उपप्रमुख तथा न्यायिक समितिका संयोजक श्री कविता उप्रेतीज्यूले प्रस्तुत गर्नभएको न्यायिक समितिको प्रगति प्रतिवेदन स्वीकृत गर्ने ।

४. खैरहनी नगरपालिका लेखा समितिका संयोजक श्री मनेजर महतोले प्रस्तुत गर्नुभएको लेखा समितिको प्रगति प्रतिवेदन स्वीकृत गर्ने ।

५. खैरहनी नगरपालिकाको वार्षिक विकास कार्यक्रम अन्तर्गत उपभोक्ता समितिहरू/ संघ/संस्था, विद्यालयहरूसमेतबाट सञ्चालन हुने निर्माण कार्य वा योजना सञ्चालनमा उक्त समितिहरू, संघ संस्था वा विद्यालयहरुको न्यूनतम लागत साझेदारीको अंश योजनाको कूल लागत अनुमानको कम्तिमा १० प्रतिशत निर्धारण गर्ने ।

६. खैरहनी नगर कार्यपालिकाको कार्यालय र अन्तर्गत वडा कार्यालयहरू एवम् स्वास्थ्य संस्थाहरूमा कार्यरत संलग्न सूचीबमोजिमका करार कर्मचारीहरूको २०८३ साल असार मसान्तसम्म करार सम्झौताको म्याद थप गर्ने ।

७. जेनजी आन्दोलनको क्रममा ध्वस्त भएका नगर कार्यपालिकाको कार्यालय, सभाहल, वडा कार्यालयहरूको पुनःनिर्माण, मर्मत संभार कार्य तथा अत्यावश्यक कार्यालय सामग्रीहरू, सवारी साधन, ट्र्याक्टर, ब्याक ह्यू लोडर खरिद प्रकृया नगर स्तरीय विपद् व्यवस्थापन समिति तथा नगर कार्यपालिकाको निर्णयबमोजिम कार्यालय व्यवस्थापन तुरुन्त गर्नुपर्ने एवम् आकस्मिक विपद्जन्य घटना भएकाले छोटो र संक्षिप्त सार्वजनिक खरिद विधिबाट गरिएको, नगर कार्यपालिकाको कार्यालयको सबै भौतिक संरचनाहरूको एकीकृत रूपमा खरिद विधि अपनाई पुनःनिर्माण कार्य अघि बढाउँदा लामो समय लाग्ने र जनआक्रोश चुलिने र सेवाप्रवाह लामो समयसम्म नराम्रोसँग प्रभावित हुने जोखिमलाई न्यूनीकरण गर्दै पुनःनिर्माण तथा खरिद व्यवस्थापनसम्बन्धी भएका सबै संक्षिप्त विधि प्रकृया तथा भुक्तानीलाई स्वीकृत गर्ने र बाँकी रहेका पुनःनिर्माण र कार्यालय व्यवस्थापनसम्बन्धी खरिद कार्यहरू अघि बढाउने ।

८. गत आर्थिक वर्षहरूमा दायित्व सिर्जना भई म्याद थप भई आएका संलग्न सूचीबमोजिमका उपभोक्ता समितिबाट सञ्चालन भएका आयोजनाहरू, ठेक्काबाट सञ्चालन भएका आयोजनाहरू र चालू आर्थिक वर्षमा विनियोजित बजेटभन्दा बढी रकमको लागत अनुमान तयार पारी कार्यान्वयन भएका आयोजनाहरू र जेनजी आन्दोलनको क्रममा भएको भौतिक क्षतिको पुनःनिर्माण र कार्यालय व्यवस्थापनमा खर्च हुनसक्ने कूल रकममध्ये चालू आर्थिक वर्षको वार्षिक बजेटमा न्यून हुन जाने कूल रकम रू. ३२ करोड ५० लाख १० हजार ३२१ स्वीकृत गरी चालू आर्थिक वर्षका योजना तथा कार्यक्रमहरू संशोधन गरी बचत हुन जाने रकम, वार्षिक बजेटमध्ये खर्च नभई बचत हुने रकम र आगामी आर्थिक वर्षको वार्षिक बजेटबाट भुक्तानी गर्ने ।

९. चालू आर्थिक वर्षमा सबै वडा कार्यालयहरू, नगर कार्यपालिकाको कार्यालय, विषयगत समितिहरूलगायतबाट नियमानुसार भए गरेका काम कारवाहीलाई स्वीकृत गर्ने/ अनुमोदन गर्ने ।

१०. जेनजी आन्दोलनको क्रममा नगर कार्यपालिकाको कार्यालयमा आगजनी हुँदा भुक्तानीको लागि पेश भएका आयोजना तथा कार्यक्रमहरूका फाइलहरू जलेर नष्ट भएकाले त्यस्ता फाइलहरूसम्बन्धमा सम्भव भएसम्म आवश्यक कागजातहरू पुनर्प्राप्ति गरी भुक्तानी प्रकृया अघि बढाउने ।

-0-